वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

धरान, नेपाल

B. P. Koirala Institute of Health Sciences

Dharan, Nepal

मितिः २०८३।०४।२५

Ref. No. २६८/०८३/८४

सूचना

वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको विद्यमान ऐन, २०४९ को दफा ११ग को उपदफा १ बमोजिम प्रतिष्ठानका लागि रिक्त शिक्षाध्यक्ष, रजिष्ट्रार र अस्पताल निर्देशक पदमा नियुक्तीका लागि सिफारिस गर्ने सम्बन्धमा प्रतिष्ठानको कार्यकारिणी समितिबाट स्वीकृत ***"वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि २०८३"*** अनुसार आवेदन दिनका लागि आव्हान गर्दै कार्यविधि बमोजिम योग्यता पुगेका इच्छुक सबैका जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

यस सम्बन्धमा विस्तृत विवरण सहितको कार्यविधि प्रतिष्ठानको वेवसाइट **bpkihs.edu** मा राखिएको छ ।

आवेदन दिन इच्छुक आवेदकहरुले सूचना प्रकाशन भएको मितिले ७(सात) कार्यदिन भित्र (मिति २०८३।०५।०२, मंगलबार तद्नुसार १८ अगष्ट २०२६) कार्यालय समय दिनको ५:०० बजे सम्ममा प्रतिष्ठानको उपकुलपति कार्यालय, धरान वा प्रतिष्ठानको सम्पर्क कार्यालय बाँसबारी, काठमाण्डौंमा प्रतिष्ठानबाट जारी भएको कार्यविधिमा उल्लेख भए अनुरुपको आवश्यक कागजातहरु सहित तोकिएको ढाँचामा निवेदन पेश गर्नुको साथै सोको इलेक्ट्रोनिक कपी application.executives@bpkihs.edu मा समेत अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

तोकिएको मिति र समय भित्रमा आवश्यक कागजात सहित प्राप्त आवेदन मात्र कार्यविधिमा उल्लेख भए अनुसारको छनौट तथा सिफारिस प्रक्रियामा सामेल गराइने व्यहोरा समेत सम्पूर्ण सबैमा जानकारी गराइन्छ ।

उपकुलपति कार्यालय

वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान ।